पाँचथर–तेह्रथुम जोड्ने पुल जोखिममा

राधा लुइटेल
फिदिम, मंदी २३ गते

मध्यपहाडी राजमार्ग अन्तर्गत पाँचथर र तेह्रथुम जोड्ने मोटरेबल पुल नदी कटान र बाढीका कारण जोखिममा परेको छ। पुलको पाँचथरतर्फको भाग दुइटा, बालुवा र लेदोले पुरिँए गएको छ भने तेह्रथुमतर्फ नदीले पुलको जग आसपास निरन्तर कटान गरिरहेको छ। पुलको मध्यभागमा पानीको बहाव बढ्दा नदी गहिरिने र बाढीका बेला दुइटा, गिट्टी तथा बालुवाले नदीको सतह पुरिने गरेका कारण पिल्लरसमेत जोखिममा परेका छन्।

पूलआसपास नदीजन्य पदार्थ उत्खनन गर्ने क्रम नरोकिएकाले जोखिम थप बढेको स्थानीयको भनाइ छ। स्थानीय राम माझीका अनुसार पुलको एकातर्फ जग पुरिँए गएको छ भने अर्कोतर्फ नदी कटान तीव्र भइरहेका बेला दार्याँबार्याँ एक्सामोटर प्रयोग गरेर ढुङ्गा, गिट्टी र बालुवा उत्खनन गरिन्छ।

माझीले भन्नुभयो, "पुल वारि जग पुरिनुका साथै पारिएट्टिको भाग नदीले तीव्र रूपमा कटान गरिरहेको छ। यस्तो अवस्थामा पनि पुलको दार्याँबार्याँ एकसाभेटर लगाएर उत्खनन हुने गर्छ।"

पुल संरक्षण र टिगोपनाका लागि सङ्घीय सरकार, पुल सेक्टर आयोजना र सडक डिभिजनर्सग बजेट व्यवस्थापनको माग गरिए पनि सुनुवाइ नभएको तेह्रथुमको आठराई गाउँपालिकाका अध्यक्ष दिलकुमार पाम्मिले बताउनुभयो। हेवाखोलानर्फ भने सडक डिभिजन इलामले बाँध बाँधि कटान रोक्नामको प्रयास गरेको छ।

गत वर्ष पाँचथर र तेह्रथुमका प्रमुख जिल्ला अधिकारी तथा स्थानीय तहका जनप्रतिनिधिको टोलीले स्थलगत अध्ययन गरी मध्यपहाडी राजमार्ग आयोजना र सङ्घीय सरकारलाई पत्राचार गरेको थियो। त्यसको हालसम्म प्रतिक्रिया नआएको उहाँले बताउनुभयो। पुलको मर्मत तथा संरक्षणको जिम्मेवारी सङ्घीय सरकार र मध्यपहाडी राजमार्ग आयोजना हो।

यातायातको महत्वपूर्ण मार्ग

मेची राजमार्ग र तमोर कोरिडोरका बिभिन्न स्थान बर्खायामका बाढीपहिरोका कारण अवरुद्ध हुने गरेकाले पाँचथर–तेह्रथुम जोड्ने यो पुल वैकल्पिक यातायातका लागिसमेत महत्वपूर्ण बनेकोछ।



तस्बिर : राधा लुइटेल

जोखिममा पर्दै गएको मध्यपहाडी राजमार्ग अन्तर्गत पाँचथर–तेह्रथुम जोड्ने तमोर नदी पुल ।

दुवै सडक अवरुद्ध हुँदा पाँचथरको फिदिमबाट जोरशाल–चुहानडाँडा–सङ्कानान्ति, औँसी भन्ज्याङ–म्याङलुङ–वसन्तपुर–भेडेटार हुँदै धरान र त्यसपछि झापा तथा विराटनगरतर्फ जाने सवारीसाधनले यही मार्ग प्रयोग गर्छन्। सामान्य अवस्थामा पनि झापाको बिर्तामोडदेखि पाँचथरको फिदिम हुँदै तेह्रथुमको आठराई र फेदापका बजारमा दैनिक उपभोग्य वस्तु ढुवानी गर्ने मुख्य मार्ग मध्यपहाडी राजमार्ग हो।

अधिकांश त ताल्चेङुडको आठराई त्रिवेणीदेखि दोभान हुँदै सदरमुकाम फुङलिङसम्म जान पनि यो बाटो प्रयोग गर्छन्।

तमोर कोरिडोर अन्तर्गत धनकुटा–पाँचथर सीमावर्ती नावा खोलामा पुल निर्माण नभएको र पाँचथर–इलाम हुँदै झापा जाने स्वण्डको माइस्लोला राजदुवाली स्वण्डमा पहिरोले सडक पटक पटक अवरुद्ध हुँदा विकल्पका रूपमा समेत पुल भएर मध्यपहाडी सडकलाई विकल्पका रूपमा लिने मध्यपहाडी सडकलाई विकल्पका रूपमा लिने गरिन्छ। २०६६ सालमा निर्माण सुरु भएर २०७० सालमा सम्पन्न भएको पुल तत्कालीन मौतिक योजना तथा निर्माण मन्त्रालयको १४ करोड १७ लाख रुपियाँ लागतमा बनेको हो। पुलबाट दैनिक तीन सयभन्दा बढी ठुला, मझौला तथा साना सवारीसाधन आवतजावत गर्छन। पुलको लम्बाइ दुई सय मिटर छ।

एक हजार७६५ किलोमिटर लामो मध्यपहाडी राजमार्गको पूर्वी खण्डमा ६८१ किलोमिटर सडक पर्छ। पाँचथरको चिवाभन्ज्याङदेखि बैतडीको भूलाघाटसम्म निर्माण भएका चार सय पुलमध्ये पाँचथर–तेह्रथुम जोड्ने यो पुल सबैभन्दा लामो हो। यसपछि सुनकोशी नदीमा निर्मित १७० मिटर लामो पुल दोस्रो ठुलो रहेको मध्यपहाडी राजमार्ग आयोजनाले जनाएको छ।

समयमै संरक्षण र मर्मत नभए पुलमा यातायात सञ्चालन प्रभावित भई पाँचथर र तेह्रथुमसँगै मध्यपहाडी राजमार्गलि जोड्ने अन्य जिल्लाको यातायात सम्पर्कसमेत प्रभावित हुन सक्ने भएकाले दिर्घ व्यवस्थापनतर्फ योजना अघि बढाउनुपर्ने आठराई गाउँपालिका–१ का वडाध्यक्ष कृष्ण बाँस्कोटा बताउनुहुन्छ।

अर्ना गणनाको बजेट कुर्दै

पछिल्लो गणनामा आरक्षमा ४९८ वटा अर्ना गणना गरिएको थियो । अर्ना गणना पाँच/पाँच वर्षमा गर्ने भनिए पनि त्यसयता अर्नाको नयाँ गणना हुन सकेको छैन ।

बबुराम कार्की
बराहक्षेत्र, मंदी २३ गते

कोशीटप्पु वन्यजन्तु आरक्षमा एक वर्षदेखि अर्ना (जङ्गली भैंसी) गणना हुन सकेको छैन। अर्ना गणनाका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट बजेट नआएपछि अर्ना गणनाको काम रोकिएको छ।

कोशीटप्पु वन्यजन्तु आरक्ष कार्यालयको अभिलेख अनुसार सन् २०२१ मा गरिएको पछिल्लो गणनामा आरक्षमा ४९८ वटा अर्ना गणना गरिएको थियो। अर्ना गणना पाँच/पाँच वर्षमा गर्ने भनिए पनि त्यसयता अर्नाको नयाँ गणना हुन सकेको छैन। अर्नाको सङ्ख्या, बथानको अवस्था, बच्चा र वयस्तको सङ्ख्या तथा आरक्षमा अर्नाको अवस्थाबारे जानकारी लिन गणना गर्न गरिए पनि बजेट अभावमा गणना हुन नसकेको कोशीटप्पु वन्यजन्तु आरक्ष कार्यालयले जनाएको छ।

कोशीटप्पु वन्यजन्तु आरक्षका प्रमुख संरक्षण अधिकृत भुपेन्द्रप्रसाद यादवले अर्ना गणनाका लागि विभागबाट बजेट नआएकाले गणना गर्न नसकिएको बताउनुभयो। उहाँले भन्नुभयो, "अर्ना गणनाका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट बजेट आउनुपर्ने हो। सन् २०२१ यता बजेट नआएपछि गणना हुन सकेको छैन।" उहाँका अनुसार यस वर्ष पनि अर्ना गणनाका लागि बजेट प्राप्त भएको छैन तर बजेटको पस्र्वाइमा छौँ। प्रमुख संरक्षण अधिकृत यादवले भन्नुभयो। अर्नाको गणना हिउँदयाममा गर्ने गरिएको मए पनि गणनाका लागि आवश्यक बजेट र कार्यक्रम स्वीकृत नभएसम गणनाको काम अगाडि बढाउन नसकिने बताइएको छ।

अर्नाको वासस्थान तथा चरनक्षेत्रमा प्रत्यक्ष अवलोकन गरेर समूहगत रूपमा गणना गर्ने गरिएको आरक्ष कार्यालयले जनाएको छ।

कोशी टप्पु वन्यजन्तु आरक्षमा २०३२ सालमा आरक्ष स्थापना हुँदा ६३ वटा अर्ना रहेको अभिलेख छ। पछिल्ला वर्षमा अर्नाको सङ्ख्या बढ्दै गएर पाँच सयको हाराहारीमा पुगेको तथ्याङ्क आरक्ष कार्यालयसँग छ। सङ्ख्यात्मक रूपमा अर्नाको वृद्धि हुँदै गए पनि यसको संरक्षणका लागि नियमित गणना र अध्ययन आवश्यक रहेको बताइएको छ।

नेपालमा प्राकृतिक रूपमै पाइने जङ्गली भैंसी (अर्ना) कोशीटप्पु वन्यजन्तु आरक्षको मुख्य पहिचान मानिन्छ। आरक्षको ओसिलो घाँसे मैदान, धापिलो क्षेत्र र नदी आसपासको भूमाग अर्नाको मुख्य वासस्थान रहेको छ। कोशीटप्पुमा अर्ना र स्थानीय भैंसीको चरनक्षेत्र एउटै हुँदा अर्ना जस्तै देखिने मिश्रित सन्तान बढ्न सक्ने संरक्षणकर्मीको भनाइ छ। खुला चरिचरनक्षेत्र हुँदा वंशाणुगत शुद्धता कायम राख्नु पनि संरक्षणको अर्को चुनौती रहेको बताइएको छ। अर्नाको वास्तविक वंशाणुगत अवस्था पत्ता लगाउन वैज्ञानिक अध्ययन आवश्यक रहेको संरक्षणकर्मी अनिश तिम्सिना बताउनुहुन्छ।

अर्नालाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार संरक्षित वन्यजन्तुको रूपमा राखिएको छ। अन्तर्राष्ट्रिय प्रकृति संरक्षण सङ्घ (आइयुसिएन) को रातो सूचीमा समेत अर्ना सङ्कटमा परेको प्रजातिका रूपमा सूचीकृत छ। त्यसैले अर्नाको सङ्ख्या र अवस्थाबारे तथ्याङ्क राख्नु संरक्षण लागि महत्वपूर्ण मानिन्छ।

समाचार सङ्क्षेप

अझै तीन सय अन्ठानब्बे कैदीबन्दी फरार

इनरुवा (गोरखापत्र), मंदी २३ गते। सुनसरीको झुम्का कारागारबाट गत वर्षको जेनजी आन्दोलनका क्रममा भागेकामध्ये अधिकांश फर्किएको भए पनि अझै ३९८ जना फरार छन। कारागारबाट एक हजार ५७५ जना कैदीबन्दी भागेका थिए।

जेनजी आन्दोलनका क्रममा गत वर्ष भदौ २४ गते राति आन्दोलनकारी कारागार पुगेर कैदीलाई भगाएका थिए। हाल कारागारमा एक हजार ७७७ जना कैदीबन्दी रहेको कारागारका प्रमुख जेलर सुभाष लामिछाने जानकारी दिनुभयो। उहाँका अनुसार फरार भएका एक वर्ष बिल्दा पनि सम्पर्क बाहिर छन।

खानेपानी आयोजनाको निरीक्षण

इनरुवा (गोरखापत्र), मंदी २३ गते । जेनजी आन्दोलनको एक वर्ष पुगेको सन्दर्भमा सुनसरी निर्वाचन क्षेत्र नम्बर ४ का प्रतिनिधि सभा सदस्य इन्जिनियर दीपककुमार साहले ओभेलमा परेको श्रीपुर खानेपानी आयोजनको निरीक्षण गर्नुभएको छ।

साहले युवापुस्ताले सुशासनका लागि आन्दोलन गरेको र ज्यान गुमाएकाले त्यसको सार्थकताका लागि नागरिकलाई न्याय, सुशासनको अनुभूति दिलाउन जिल्लाको कोशी गाउँपालिका–६ स्थित दशकदेखि ओझेलमा रहेको खानेपानी आयोजनाको अवलोकन तथा निरीक्षण गर्नुभएको हो।

साहले आयोजनाको वर्तमान अवस्था, सञ्चालन तथा व्यवस्थापनका समस्या र चुनौतीबारे सम्बन्धित पदाधिकारी, प्राविधिक तथा स्थानीयसँग जानकारी लिँदै आवश्यक सुधारका विषयमा छलफल गर्नुभएको छ। संसद साहले अवलोकनपछि भन्नुभयो, "खानेपानी जस्तो आधारभूत सेवाको दिगो, नियमित र प्रभावकारी व्यवस्थापनका लागि आवश्यक पहल र समन्वय गर्न प्रतिबद्धता व्यक्त गर्दछु।" देशको लगानी भएको कुनै पनि आयोजना र संरचना सेर जान नहुने भन्दै बढीभन्दा बढी सदुपयोगमा ल्याउनुपर्ने समेत उहाँले बताउनुभयो।

आफन्तबाट डिएनए नमुना सङ्कलन

सोलुखुम्बु समाचारदाता
सोलुखुम्बु, मंदी २३ गते

रसुवा जिल्लास्थित मोटेकोशी नदीमा आएको बाढीका कारण हराइरहेका सोलुखुम्बुका १० जनाका आफन्तबाट डिएनए परीक्षणका लागि नमुना सङ्कलन गरिएको छ।

बाढीपछि आफन्तजन फेला नपरी हराइरहेका तथा हालसम्म सम्पर्कमा नआएका नागरिकको पहिचान गर्न उद्देश्यले जिल्ला प्रहरी कार्यालय, सोलुखुम्बुमा उपस्थित भएका आफन्तजनबाट डिएनए परीक्षणका लागि नमुना सङ्कलन गरिएको हो।

जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका प्रहरी निरीक्षक एवं सूचना अधिकारी निर्मल थापाका अनुसार मोटेकोशी बाढीपछि फेला परेका शव, शरीरका कुनै अङ्ग वा भागको पहिचान तथा यकिन गर्न सहयोग पुऱ्याउने उद्देश्यले हराइरहेका व्यक्तिका आफन्तबाट नमुना लिइएको हो। उहाँका अनुसार बाढीमा हराइरहेका व्यक्तिको पहिचान हुन नसकेको अवस्थामा डिएनए परीक्षणबाट शव वा शरीरका अङ्ग– भाग आफन्तसँग मिलान गरी पहिचान गर्न सकिने छ।

मोटेकोशी नदीमा आएको बाढीका कारण ठुलो जनधनको क्षति भएको थियो। बाढीपछि विभिन्न स्थानमा शव तथा शरीरका अङ्ग फेला पर्ने क्रम जारी रहेकाले पहिचानका लागि डिएनए परीक्षणलाई महत्वपूर्ण आधारका रूपमा लिइएको प्रहरीले जनाएको छ। सोलुखुम्बुबाट हराइरहेका व्यक्तिका आफन्तको नमुना सङ्कलन गरी आवश्यक परीक्षण तथा अभिलेख व्यवस्थापनको प्रक्रिया अघि बढाइएको प्रहरी निरीक्षक थापाले जानकारी दिनुभयो।

बाढीपीडितका लागि सहयोग हस्तान्तरण

सोलुखुम्बु समाचारदाता
सोलुखुम्बु, मंदी २३ गते

रसुवा तथा मोटेकोशी क्षेत्रमा बाढीपहिरोबाट प्रभावित नागरिकको राहत तथा उद्धारका लागि सोलुखुम्बु उद्योग वाणिज्य सङ्घले तीन लाख १७ हजार रुपियाँ सहयोग गरेको छ। सङ्घले विभिन्न व्यापार तथा व्यवसायीबाट सङ्कलन गरेको उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने गरी जिल्ला प्रशासन कार्यालय सोलुखुम्बुमार्फत प्रमुख जिल्ला अधिकारी कमानसिं थापामगरलाई हस्तान्तरण गरेको हो।

सोलुखुम्बु उद्योग वाणिज्य सङ्घका अध्यक्ष शमलाल श्रेष्ठका अनुसार बाढीपहिरोबाट प्रभावित परिवारलाई सहयोग पुऱ्याउने उद्देश्यले जिल्लाका विभिन्न व्यापार तथा व्यवसायमा संलग्न व्यक्तिबाट रकम सङ्कलन गरिएको हो। उहाँले विपत्का समयमा मानवीय सहयोग गर्नु सबैको साझा दायित्व भएकाले उद्योगी, व्यवसायी तथा सर्वसाधारणलाई समेत प्रभावित परिवारको सहयोगमा जुटन आग्रह गर्नुभयो।

प्रमुख जिल्ला अधिकारी थापामगरले विपत्का समयमा सोलुखुम्बु उद्योग वाणिज्य सङ्घले गरेको सहयोगप्रति धन्यवाद व्यक्त गर्दै सङ्कलित रकम सम्बन्धित राहत कोषमा जम्मा गरिने बताउनुभयो। उहाँले विपत्पीडितको राहत तथा पुनर्स्थापनामा प्राप्त सहयोग महत्वपूर्ण हुने उल्लेख गर्नुभयो।

स्वर्णविन्दु प्राशन सुरु

गाईघाट समाचारदाता
गाईघाट, मंदी २३ गते

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र उदयपुरले एक वर्षदेखि पाँच वर्ष उमेर समूहका बालबालिकालाई स्वर्णविन्दु प्राशन कार्यक्रम सञ्चालनमा ल्याएको छ। जिल्लामा पहिलो पटक ल्याइएको यो कार्यक्रमबाट उदयपुरका करिब १५ हजार बालबालिका लाभान्वित हुने भएका छन।

तीन वर्षीय बालिकालाई स्वर्णविन्दु प्राशनको शुभारम्भ गराउनुहुँदै जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र उदयपुरका प्रमुख डा. गम्भीर भाले लोकिए अनुसारको मात्रामा स्वर्ण भस्म, घिउ र महको मिश्रणलाई मिलाएर बनाइएको यस्तो औषधीलाई स्वर्णविन्दु भन्ने गरिएको बताउनुभयो।

उहाँले एक वर्षदेखि पाँच वर्ष उमेर समूहका जिल्लामरिका सबै बालबालिकालाई एक/एक थोपा स्वर्णविन्दु प्राशन गराइने गरी उदयपुरमा पहिलो पटक यो कार्यक्रम सुरु गरिएको बताउनुभयो। उहाँका अनुसार ३३ मिलिलिटर घिउ, ६६ मिलिलिटर मह र १० मिलिग्राम स्वर्णभस्मको मिश्रणलाई मिलाएर करिब आठ घण्टा घोटेपछि मात्रै स्वर्णविन्दु बनाइने गरेको उहाँको भनाइ छ।

कार्यालय प्रमुख डा. भाले स्वर्णविन्दु प्राशनले बालबालिकाको स्मरणशक्ति बढाउने, बौद्धिक क्षमता वृद्धि गर्ने, शारीरिक र मानसिक विकासका साथै रोग प्रतिरोधात्मक क्षमता बढाएर उनीहरूको सर्वाङ्गणीय विकासमा अत्यन्ती महत्वपूर्ण भूमिका खेल्ने हुँदा हरेक बच्चालाई खुवाउन अनिवार्य जरुरी गरिएको छ भन्नुभयो।

उदयपुरका प्रमुख जिल्ला अधिकारी मेलबहादुर मग्रातीले बालबालिकाका लागि यो सरि राम्रो कार्यक्रम भएकोले जिल्लाका सबै पालिका र वडा तहसम्म अभियानका रूपमा यसलाई सञ्चालन गर्न अति आवश्यक रहेको बताउनुभयो। विद्यालयदेखि वडा तहसम्म यो कार्यक्रम लैजानुपर्ने उहाँको भनाइ छ।

Infrastructure Development Office
Lamjung, Nepal

Invitation for Bids

Date of publication: 2083/05/24 (9th September, 2026)

Infrastructure Development Office, Lamjung invites Sealed bids from eligible bidders for the construction of ***Projects mentioned below*** under National Competitive **Single Stage, Single Envelope** Bidding procedures.

S. N.	Name of the Project	Contract id	Estimated Cost (without VAT & Contingency but including PS)	Bid Security (NRs.)
1.	Construction/Upgrading of Road to Connect Jalkeni Ward Office at Dudhpokhari 02, Lamjung	IDO/LAMJUNG/NCB/W/01/2083-084	43,15,409.36	1,10,000
2.	Construction/Upgrading of Lokmarga Newar Hatiya Kandel Di to Kumaltar Road, Rainas-06, Lamjung	IDO/LAMJUNG/NCB/W/02/2083-084	21,56,359.03	55,000
3.	Construction/Upgrading of Road to connect Nice Chautara kadariya Gau to Borangkhola pitch, Rainas-06, Lamjung	IDO/LAMJUNG/NCB/W/03/2083-084	21,57,950.05	55,000
4.	Construction/Upgrading of Syaut Duwar Chiya Bagan to Barahapokhari Road, Besishahar-11 and Dordi-08, Lamjung	IDO/LAMJUNG/NCB/W/04/2083-084	21,56,391.38	55,000
5.	Construction/Upgrading of Ritthebagar Nauthar Sera Chhotekhola Taje Road Dordi-06, Lamjung	IDO/LAMJUNG/NCB/W/05/2083-084	21,57,556.69	55,000
6.	Construction/Upgrading of **1.** Belghari Bharate Road **2.** Bhoteodar Belghari Bharte Gauda Road **3.** Doke Deurali Bharte Lakuribhanjyang Siruwari Ringroad, Dordi-01, Lamjung	IDO/LAMJUNG/NCB/W/06/2083-084	1,12,15,760.82	3,00,000
7.	Construction/Upgrading of **1.** Jhimudanda to Purkaudanda Road **2.** Daduwa Gilung Road, Madhyanepal-08 and Khwolasothar-09, Lamjung **3.** Daduwa Salmmebhanjyang Road, Khwolasothar, Lamjung	IDO/LAMJUNG/NCB/W/07/2083-084	90,62,213.60	2,30,000
8.	Construction/Upgrading of **1.** Maling Aantarik Road, Khowolasothar-02, Lamjung **2.** Toribari Bagum Road Khwolasothar-03, Lamjung	IDO/LAMJUNG/NCB/W/08/2083-084	64,73,290.59	1,65,000
9.	Construction/Upgrading of Modi Silidedanda Purano Dihi to Sundarbazar Road,Sundarbazar-06, Lamjung	IDO/LAMJUNG/NCB/W/09/2083-084	21,57,708.31	55,000
10.	Construction/Upgrading of Rambazar to Fedi Road, Madhyanepal, Lamjung	IDO/LAMJUNG/NCB/W/10/2083-084	21,57,339.36	55,000
11.	Construction/Upgrading of **1.** Ratmata Chamedanda to ward office Road, Madhyanepal-09, Bangre, Lamjung **2.** Chamedanda to Ward office Road, Madhyanepal-09, Lamjung	IDO/LAMJUNG/NCB/W/11/2083-084	43,14,765.78	1,10,000
12.	Construction/Upgrading of Bangebesi Handikhola Bardhan Road Madhyanepal-09, Lamjung	IDO/LAMJUNG/NCB/W/12/2083-084	21,57,552.19	55,000
13.	Construction/Upgrading of **1.** Road to connect Dudhdairy Duniehaur Panchghare to Pokhari Tauko, Sundarbazar-04, Lamjung **2.** TF to Tallo Khusuk and Kalidhunga chowk to Dharapani Road, Sundarbazar-04, Lamjung	IDO/LAMJUNG/NCB/W/13/2083-084	43,14,732.18	1,10,000
14.	Construction/Upgrading of **1.** Bhagirathi Bhanjyang to Koiralaphant Road **2.** Chelibeti Marga Road, Sundarbazar-01, Lamjung	IDO/LAMJUNG/NCB/W/14/2083-084	43,15,327.55	1,10,000
15.	Construction/Upgrading of **1.** Deutapani Besi Paneni School Hattigade Road **2.** Lamikhet Deutapani Paneni to Hattigade Road, Sundarbazar-03, Lamjung	IDO/LAMJUNG/NCB/W/15/2083-084	43,14,589.56	1,10,000
16.	**1.** Construction/Upgrading of Sundarbazar Hospital section Majuwa Bhimsen Chowk section Road, Sundarbazar-07, Lamjung. **2.** Maintenance of Siudibar Sundarbazar Road, Lamjung	IDO/LAMJUNG/NCB/W/16/2083-084	81,99,668.81	2,10,000
17.	Construction/Upgrading of Neta Road, Madhyanepal-10, Lamjung	IDO/LAMJUNG/NCB/W/17/2083-084	21,57,771.20	55,000
18.	Construction/Upgrading of Boarding chowk uttar Nibuwa kuno Road, Madhyanepal -02, Lamjung	IDO/LAMJUNG/NCB/W/18/2083-084	21,57,115.83	55,000
19.	Construction/Upgrading of **1.** Ghamrang Pasgaun Road, Khwolasothar-06, Lamjung **2.** Bhoje Krishi Road, Khwolasothar-07, Lamjung **3.** Salmebhanjyang to Ghamrang Road, Khwolasothar-08, Lamjung	IDO/LAMJUNG/NCB/W/19/2083-084	69,04,453.88	1,80,000
20.	Construction/Upgrading of **1.** Ward no. 01 office to Gairigaun Road, Madhyanepal-01, Lamjung. **2.** Asimure Beltari Road, Madhyanepal-01, Lamjung	IDO/LAMJUNG/NCB/W/20/2083-084	42,77,466.80	1,10,000
21.	Construction/Upgrading of Bajhakhet Chowk to Khahare Khola Aanpchaur Road Besishahar-10, Lamjung	IDO/LAMJUNG/NCB/W/21/2083-084	21,54,884.95	55,000
22.	Construction/Upgrading of Bajhakhet Hile to Chiti Tilahar Road Besishahar-10 & 11, Lamjung	IDO/LAMJUNG/NCB/W/22/2083-084	21,56,487.90	55,000
23.	Construction/Upgrading of Besisahar Sandhu Road Besishahar-10, Lamjung	IDO/LAMJUNG/NCB/W/23/2083-084	21,54,983.70	55,000
24.	Construction/Upgrading of Chanaute to Pumabesi Road Besishahar-06, Lamjung	IDO/LAMJUNG/NCB/W/24/2083-084	21,57,380.82	55,000
25.	Construction/Upgrading of Chandidada Kafalbote Deurali Road Besishahar-09, Lamjung	IDO/LAMJUNG/NCB/W/25/2083-084	43,15,494.60	1,10,000
26.	Construction/Upgrading of Chipleti Poudel Gaun to Ratanpur Road Besishahar-1, Lamjung	IDO/LAMJUNG/NCB/W/26/2083-084	21,56,625.91	55,000
27.	Construction/Upgrading of Khasurbesi Khache to Barhpokhari Road, Besishahar-10, Lamjung	IDO/LAMJUNG/NCB/W/27/2083-084	43,12,241.84	1,10,000
28.	Construction/Upgrading From Marsyangdi Road to Magar Bhawan Road Besishahar-08, Lamjung	IDO/LAMJUNG/NCB/W/28/2083-084	21,57,868.65	55,000
29.	Construction/Upgrading of Phaledi Padhera Kasibari to Saune Khola Road, Besisahar-08, Lamjung	IDO/LAMJUNG/NCB/W/29/2083-084	21,56,515.80	55,000
30.	Construction/Upgrading of Redcross Building to Bhandari Gaun Kurpun Road Besishahar-06, Lamjung	IDO/LAMJUNG/NCB/W/30/2083-084	21,54,404.16	55,000
31.	Construction/Upgrading of Rumtabesi to Bajarkhutta Road, Besishahar-11, Chiti, Lamjung	IDO/LAMJUNG/NCB/W/31/2083-084	21,57,961.77	55,000
32.	Construction/Upgrading of Chiti Tilahar to Syaud Basnet Gaun Road, Besishahar-11, Lamjung	IDO/LAMJUNG/NCB/W/32/2083-084	21,53,853.37	55,000
33.	Construction/Upgrading of Bhulbhule Simalchaur Bhusme Ringtang Road, Marsyangdi-08, Lamjung	IDO/LAMJUNG/NCB/W/33/2083-084	21,57,619.68	55,000
34.	Construction/Upgrading of Ngadi Dobhanchaur to Thulobesi Road, Marsyangdi-06, Lamjung	IDO/LAMJUNG/NCB/W/34/2083-084	43,12,338.37	1,10,000
35.	Construction/Upgrading of Magarpatle Kafalswara Mul Chautara Daregauda Road and Milan Chowk Baniya Thumka Maluwa Gaun to Pariswara Road, Besisahar-03, Lamjung	IDO/LAMJUNG/NCB/W/35/2083-084	21,54,973.80	55,000

- Complete set of Bidding documents may be purchased from the office IDO, Lamjung upon payment of non refundable bid document fee of **Nrs. 3000 of each bid till 2083/06/13 within office hours**. The detail of bank account to deposit cost of bidding document is as follows: Name of the Bank **Rastriya Banijya Bank,** Name of Office: **Infrastructure development Office,** Office Code no. : **3370137014,** Account no.: **10001002000100000** Rajaswa (revenue) Shirshak no.: **14229**
- All other required informations are provided in the Bidding Documents, which can be downloaded from the office website: www.idolamjung.gandaki.gov.np